**बुङ्गल नगरपालिका द्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्डः संख्याः मितिः २०८३।...।...

भाग १
बुङ्गल नगरपालिका

## स्थानीय उत्पादनमा आधारित बिद्यालय दिवाखाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८३

## स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

स्थानीयसरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत तहसम्मको शिक्षा सङ्घीय सरकारको मापदण्डको आधारमा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीयतहको रहेको र आधारभूत तहसम्मको शिक्षालाई गुणस्तरीय, निःशुल्क तथा अनिवार्य गराउनप्रत्येक विद्यालयमा प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मका वालवालिकाहरुलाइ दिवा खाजाको व्यवस्थापन गरीएको छ । विद्यालय दिवा खाजा कार्यक्रमलाइ सहजिकरण गर्ने उद्धेश्यले नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजिकरण पुस्तिका २०७६ तथा **स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवाखाजा प्रारुप २०८१** को अधिनमा रहि बुङ्गल नगरपालिकाले यस कार्यक्रमलाई प्रभावकारी र सुब्यवस्थित बनाउनस्थानीयसरकार सञ्चालन ऐन २०७४ परिच्छेद, १५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मितिः २०८३।....।...गतेको बसेको नगरसभाको बैठकलेस्थानीयउत्पादनमा आधारित विद्यालय दिवा खाजा व्यवस्थापनकार्यविधि २०८३जारी गरेको छ ।

### परिच्छेद - १

### १) संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम स्थानीयउत्पादनमा आधारित विद्यालय दिवा खाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

ग) यो कार्यविधि विद्यालयदिवा खाजा कार्यक्रम लागु भएका सामुदायिक विद्यालयहरुको हकमा मात्र लागु हुनेछ ।

### २) परिभाषाः

क) **"दिवा खाजा"** भन्नाले विद्यालयमा विद्यार्थीहरुका लागि व्यवस्था गरिएको स्थानीयउत्पादनमा आधारित दिवा खाजा कार्यक्रम सम्झनुपर्दछ ।

ख) **"प्रधानाध्यापक"** भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी पाएको शिक्षकलाइ सम्झनु पर्दछ । सो शब्दले निजी तथा संस्थागत विद्यालयका प्रमूखलाइ समेत जनाउँदछ ।

ग) **"दिवा खाजा व्यवस्थापन समिति"**भन्नाले स्थानीयउत्पादनमा आधारित विद्यालय दिवा खाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि२०८३ को दफा १६बमोजिम गठन भएकोउपसमितिलाइ सम्झनु पर्दछ ।

घ)**“मेनु”** भन्नाले विद्यालयमा विद्यार्थीलाई खाजा खुवाउने प्रयोजनका लागि स्थानीय कृषि उत्पादन प्रयोग गरी तोकिएको पोषण मापदण्ड पुरा गर्ने गरी नगरपालिका द्वारा तयार गरीएको खाजा तालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

### ३) विद्यालय दिवा खाजा कार्यक्रमको परिचयः

वालवालिकाको ६ वर्षको उमेरसम्म हुने मस्तिष्क विकासको मूख्य चरणमा हुने वृद्धि र विकासका लागि खाना अनिवार्य तत्व हो । एउटा वालकले खानाबाट प्राप्त गर्नुपर्ने कुल पौष्टिकता मध्ये कम्तिमा ३० प्रतिशत दिवा खाजाबाट प्राप्त गर्नुपर्ने भन्ने अन्तराष्ट्रिय मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले आ.व. २०७७/७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक वाल विकास देखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न स्थानीय तहमार्फत तोकिएको प्रक्रिया पूरा गरि ‘सशर्त अनुदान’ का रूपमा विद्यालय दिवा खाजा कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ ।

### ४) विद्यालय दिवा खाजा कार्यक्रमको उद्देश्यः

विद्यालयमा पढ्ने वालवालिकाको शिक्षामा पहुँच बृद्धि, सिकाइनिरन्तरता, गुणस्तर अभिवृद्धि, भोक न्युनिकरण र पोषण तथा स्वस्थ्यअवस्थासुधारगरी शैक्षिकस्तर सुधारगर्ने दीर्घकालिन लक्ष्यकासाथस्थानीयउत्पादनमा आधारित दिवा खाजाकार्यक्रमका मुख्य उद्धेश्यहरु देहायबमोजिम उल्लेख गरिएकाछन् ।

क)विद्यालयका वालवालिकालाई स्थानीय उत्पादनमा आधारित स्वस्थकर तथा पौष्टिक खाजाको सुनिश्चितताका लागि  नीतिगत आधार तयारगर्ने ।

ख) शैक्षिक सुधारका लागि दिवा खाजाको माध्यमबाट टिकाउ दरलाई बढोत्तरी गर्ने ।

ग) विद्यालय तहमा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने ।

घ) विद्यालय दिवा खाजामा स्थानीयउत्पादनको प्रयोगलाई बढवा दिदै वालवालिकाको पोषण अवस्था र स्वास्थ्य स्थितीमा सुधार गर्ने ।

ङ) स्थानीयकृषि उपजलाई बढाएर विद्यालय तथा कृषि उत्पादन विच सम्बन्ध स्थापित गरि कृषि प्रतिफल बढाउने ।

च) दिवा खाजालाई स्थानीय कृषि उत्पादनमा आधारित बनाउन खरिद प्रकृयासहज बनाई साना किसान, अगुवा कृषक, कृषक समुह र सहकारीहरुलाई विद्यालय दिवा खाजा कार्यक्रममा सहभागी गराई स्थानीय कृषि अर्थतन्त्रलाई प्रोत्साहन  गर्ने ।

छ) वालवालिकाको स्वास्थ्यका लागी पोषणयुक्त स्वस्थ खाना खाने बानी ब्यवहारका जीवनोपयोगी सिप विकासमा सहयोग पुर्‍याउने ।

## ५) लक्षित समूहः

क) प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मका सवै सामुदायिक विद्यालयमा अध्ययन गर्ने वालवालिकाहरु यस कार्यक्रमको मुख्य लक्षित समूह हुनेछन ।

ख) स्थानीय स्तरमा खाद्यान्न उत्पादन गर्ने कृषकहरु तथा स्थानीय स्तरमा गठन गरिएका कृषक समूह, तथा सहकारीहरु पनि यस कार्यक्रमको लक्षित समूह मानिनेछन।

ग) विद्यालय दिवा खाजा आपूर्ति गर्ने अन्य आपूर्तिकर्ताहरु जस्तैः फर्म तथा क्याटरिङ्ग सुविधा पुऱ्याउने व्यक्तिहरु पनि यस कार्यक्रमका लक्षित समूह हुनेछ ।

## परिच्छेद - ३
## दिवा खाजाको पोषण मापदण्ड र मेनु सम्बन्धी व्यवस्था

## ६) दिवा खाजाको पोषण मापदण्डः

खाजा भोक मेटाउने मात्र नभै शरिरलाई आवश्यक पर्ने सुक्ष्म पोषण तत्व (Micronutrient)र वृहत पोषक तत्व (Macronutrient) आपुर्तिका लागि आवश्यक हुन्छ । निर्धारित मात्रामा आवश्यक पोषक तत्व उपलब्ध भएको खाजा मात्र स्वस्थकर मानिन्छ । स्वस्थ्यकर खाजाले मात्र  शारिरीक स्वास्थ्य कायम गर्न सहयोग गर्दछ । पोषणयुक्त खाजा सफा, ताजा र स्वस्च्छ पनि हुनु पर्दछ । खाजामा उपलब्ध हुने पोषक तत्वको मात्रा राष्ट्रिय मापदण्डले निर्धारण गरेको र मापदण्ड अनुरुपका खाजा मात्र उपलब्ध गराउने प्रचलन संसारका धेरै देशहरुमा छ । साथै निर्धारित गरिएका राष्ट्रिय मापदण्ड अनुरुप पोषक तत्व आपुर्ति हुने गरि दिवा खाजा आवश्यक परिमाणमा उपलब्ध गराउनु पर्छ भन्ने मान्यताको विकास भएकोछ । यसका लागि आवश्यक सामग्री र पुर्वाधार समेत प्रबन्ध गरिनु पर्दछ ।

## ७) दिवा खाजाको पोषणस्तरको मापदण्डः

विश्व स्वास्थ्य सँगठनले ४ देखि १२ वर्ष उमेर समुहका वालवालिकाहरुको उपभोग्य खाजामा उपलब्ध हुनुपर्ने वृहत  पोषक तत्व (क्यलोरी, प्रोटिन, फ्याट, आदि) र शुक्ष्म पोषक तत्व (आयोडिन आइरन, जिङ्क, भिटामिन ए) को मात्रा र सो मध्ये दिवा खाजाबाट आपुर्ति हुनुपर्ने उल्लेखित पोषक तत्वको मात्रा निर्धारण गरेको छ । नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको मापदण्डलाई आधार मानि प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मका वालवालिकाहरुका लागि दैनिक रूपमा चाहिने बृहत तथा सुक्ष्म पोषक तत्वको मात्रा कम्तीमा ३०% दिवा खाजावाट प्राप्त हुने व्यवस्था गरिनेछ ।  यसरी दिवा खाजा आपुर्ति तथा वितरण गर्दा स्थानीयस्तरमा उपलब्ध हुने खाद्य पदार्थबाट देहायका समूहका खाद्यसामग्रीबाट दफा ८, अनुसुचि १बमोजिम तयार गरिएको मेनुको आधारमा दिवा खाजा तयार गरि विद्यार्थीहरूलाई खुवाउनुपर्नेछ :

क) कार्बोहाइड्रेट समूह (शक्ति दिने) जस्तै :- चामल, गहुँ, मकै, कोदो, फापर, जौ, आलु, तरुल, सखरखण्ड आदि ।

ख) प्रोटिन समूह (शारीरिक विकास गर्ने) जस्तै :- भटमास, सिमी, केराउ, चना, गेडागुडी, माछा, मासु, अण्डा आदि ।

ग) मिनरल समूह (शक्ति दिने, प्रतिरक्षात्मक) जस्तै :- हरिया सागपात र अन्य हरिया तरकारीहरू ।

घ) भिटामिन मिनरल्स (शरीरका अङ्गहरूको सन्तुलित विकास र कार्य क्षमता बृद्धि गर्ने) जस्तै :- तरकारी, साग र फलफुल जस्तै स्याउ, सुन्तला, जुनार, नासपती, मेवा, केरा आदि ।

ङ) चिल्लो पदार्थ समूह, जस्तै :- घ्यू, तेल, नौनी, दूध, दही आदि । तर दुध, दही मात्र खुवाउँदा चिल्लो पदार्थको मात्रा पुग्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

*तालिका १: दैनिक आवश्यक खाजाबाट आपूर्ति हुनुपर्ने बृहत र सूक्ष्म पोषक तत्वको राष्ट्रिय मापदण्ड अनुरुपको मात्रा*

| **पोषक तत्व** | **दैनिक आवश्यक पोषक तत्वको मात्रा (४-१२ वर्ष उमेर समूह)** | **वालवालिकाका लागि न्युनतम दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्वको मात्रा** |
|---|---|---|
| **बृहत पोषक तत्व** | | |
| क्यालोरी (किलो क्यालोरी) | १८५० | ५५५ |
| प्रोटिन(ग्राम) | २९.५ | ८.८५ |
| फ्याट(ग्राम) | ३० | ९ |
| **सुक्ष्म पोषक तत्व** | | |
| आयोडिन(माइक्रो ग्राम) | १२० | ३६ |
| आइरन(मिलिग्राम) | १७.८ | ५.४ |
| जिङक(मिलिग्राम) | ११.२ | ३.३६ |
| भिटामिन ए (माइक्रो ग्राम) | ५०० | १५० |

**८) विद्यालय दिवा खाजा मेनुः**

क) दफा ७ बमोजिम तोकिएको खाद्ययवस्तुबाट पोषण मापदण्ड र खाद्य सामग्रीहरुको मात्राको आधारमा नगरपालिका अन्तर्गतका सम्पूर्ण समामुदायिक विद्यालयको लागि प्रत्येक दिनको खाजा मेनु तयार गरिए अनुसार हुनेछ । **(अनुसुची १)**

ख)नगरपालिकाको नेतृत्वमा निर्वाचित पदाधिकारी, सहकारी, कृषी समूह, संघसंस्था, कृषि, पोषण, स्वास्थ्य, विद्यालय शिक्षक र वि.व्य.स.को सहभागीता र सल्लाहमा सप्ताहिक मेनु तयार गरिनेछ र आवश्यकताको आधारमा मेनु पुनरावलोकन तथा परिमार्जन गर्न सकिने छ ।

ग)स्थानीयस्तरमा उपलब्ध खाद्य सामग्री, परिबेस र साँस्कृतिक कुरालाइ मद्यनजर गर्दै कम्तीमा ५ वटा मेनुको सेट तयार गरीने छ । साथै थप बैकल्पिक मेनु समेत तयार गरी आवश्यकताको आधारमा कार्यान्वयन गर्नेगरी विद्यालयहरुलाइ उलब्ध गराइने छ।

ङ) स्थानीयस्तरमा उत्पादन वा उपलब्ध नहुनु नुन, चिनी, तेल, मसला, जस्ता खाद्यवस्तुहरुको हकमा आपुर्तिकर्तालेबाहिरबाट खरिद गरी व्यवस्थापनगर्न सकिनेछ ।

च) कुनै पनि अवस्थामा दिवा खाजाको रुपमा पुर्व प्रशोधित खाजा (Processed packed food) तथा पत्रु खाना (Junk food) प्रयोग गर्न पाइनेछैन ।

## परिच्छेद - ४

## दिवा खाजा तयारीका लागि पुर्वाधारको व्यवस्थापन

### ९)चुल्हो र ईन्धनको व्यवस्थापनः

विद्यालयमा दिवा खाजा तयार गर्न चाहिने आवश्यक चुल्हो र ईन्धनको व्यवस्थापन विद्यालय आफैले गर्नुपर्ने छ । विद्यालयहरुले संघीय सरकारले तोकेको रकम खाद्य सामग्रीहरूको लागि खर्च गरी वाँकि रहेको रकमवाट ईन्धनको व्यवस्थापन गर्न सक्नेछन । यसो गर्दा रकम अपुग भएमा स्थानीय तह, प्रदेश सरकार, अभिभावक वा अन्य दाताहरुसँग सहयोग जुटाउन सक्नेछन । यदि विद्यालयले दाउरा चुल्हो प्रयोग गरेको खण्डमा यस्ता चुल्हो"सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६" मा तोकिएको अनुसारको धुँवा रहित वातावरण मैत्री चुल्हो मात्र प्रयोग गर्नुपर्नेछ । नगपालिकाले विद्यालयहरुमा यस्तो चुल्हो निर्माणको लागी नेपाल सरकारको सम्वन्धित निकाय वैकल्पिक ऊर्जा प्रबर्धन केन्द्र वा यसले तोकेको संस्थासँग सहकार्य गरी आवश्यक सहयोग गर्न सक्नेछ ।

### १०) स्वच्छता र सरसफाईः

दिवा खाजा भण्डारण गर्ने स्थान तथा कोठा सफा र सुरक्षि हुनुपर्छ ।सामग्रीहरु भण्डारण गर्दा सामग्रीको तल काठको पटरा राखी चिसो बाट बचाउने गरी व्यवस्थापन गरीएको हुनुपर्नेछ विद्यालयमा खानेपानि, सरसफाइ र स्वच्छताको सुबिधा उपलब्ध भएको हुनुपर्छ । यस्तो सुबिधाको उपलब्धता तथा पुर्वाधार व्यवस्थापन का लागी विद्यालयले खानेपानि तथा सरसफाइ अर्न्तगत काम गर्ने संघ संस्थाहरु, नगरपालिका र अन्य सम्बन्धित सरोकारावालाहरु सँग समन्वय गरी सहयोग लिन सक्नेछ ।साथै विद्यालयको वातावरण तथा खाजा पकाउने कोठा सफा हुनुपर्नेछ र यो जिम्मेवारीविद्यालयले तोकेको खाजा पकाउने व्यक्तिको हुनेछ । विद्यालयमा खाजा पकाउन आवश्यक भाँडाबर्तनको व्यवस्थापन गर्न अभिभावक रविद्यालयजिम्मेवार हुनेछन साथै नगरपालिकाले क्रमशः आफ्नो स्रोतबाट अथवा अन्य निकायसँग सहकार्य गरेर सुनिश्चित गर्नेछ ।

## परिच्छेद - ५

## दिवा खाजाको खरिद, तयारी र रकम निकासासम्वन्धी व्यवस्था

### ११) दिवा खाजाको लागि खाद्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापनः

१) **दिवा खाजालाई चाहिने खाद्य सामग्री खरिदः**स्थानीय उत्पादनमा आधारितविद्यालयदिवा खाजा कार्यान्वयन, खाद्यसामग्री तथा अन्य आपुर्ति व्यवस्थापनका लागी देहाय बमोजिमका मोडेल वा तरिकाहरु अवलम्बन गरिनेछ ।

**क) विद्यालय केन्द्रित खरिद व्यवस्थापन मोडेल(In-source):**परिच्छेद ३ को दफा ८ सँग सम्बन्धित अनुसुची १ बमोजिमको मेनुलाई आधार मानि विद्यालयले प्रचलित खरिद प्रक्रियाको मापदण्ड अपनाई, नगरपालिकाले निर्धारण गरेको मूल्यमा नबढ्ने गरी आफैलेआपुर्तिकर्ता (किसान वा समूह)को छनोट गरी आवश्यक सामग्री दैनिक वा सप्ताहिक रुपमा खरिद गर्ने ।

**ख) विद्यालय/नगरपालिका केन्द्रित तेस्रो पक्षद्वारा खरिद व्यवस्थापन मोडेल(Out-source):**परिच्छेद ३ कोदफा ८सँग सम्बन्धित अनुसुची १ बमोजिमको मेनुलाई आधार मानि खाद्य सामग्रीको आपुर्ति तेस्रो पक्षले गर्दछ । तेस्रो पक्ष स्थानीयसहकारी, कृषक समुह, अगुवा कृषक, आमा समूह वा अन्य इच्छुक पक्ष हुन सक्छ । तेश्रो पक्ष सँग सामग्री लिने मोडेलमा जानुपुर्ब आपुर्तिकर्ताले सेवा दिनसक्ने सुनिश्चित गरिनेछ ।दुबै प्रक्रियाका लागि सम्झौता फाराम अनुसुची २ बमोजिमको  हुनेछ ।

**२. आपुर्तिकर्ता व्यवस्थापनः**

क)नगरपालिकाले विद्यालय दिवा खाजाका लागि आवश्यक पर्ने खाद्यान्न सामग्रीहरु (अन्न, दलहन, फलफुल, तरकारी तथा सागपात र पशुजन्य उत्पादनहरु) आपुर्तिका लागि आपूर्तिकर्ता (सहकारी, कृषक समुह, किसान, फर्म आदी) छनौट गर्नेछ । विद्यालयहरुले छनौट भएका आपूर्तिकर्ताहरु सँग सम्झौता गरी सोहि अनुसार खाद्य सामग्रीहरु खरिद गरि खाजा तयारी गर्नुपर्नेछ ।

ख) जोसुकै आपूर्तिकर्ता भएपनि दिवा खाजाका लागी चाहिने खाद्य सामग्रीहरु स्थानीय स्तरमा उत्पादन भएको हुनुपर्छ, स्थानीय स्तरमा उपलब्ध हुन नसकेमा छिमेकी पालिका, छिमेकि पालिकामा उपलब्ध हन नसकेमा जिल्ला र प्रदेश तहमा हुने स्वदेशी उत्पादनलाई प्राथमिकतादिइ व्यवस्थापन गर्नुपर्नेछ । तोकिएको सम्झौता अवधिमा आपुर्तिकर्ताले कम गुणस्तरको सामग्री आपुर्ति गरेमा यस्तो आपुर्तीकर्तासँग खरिद सम्झौता रद्द गर्न सक्नेछ ।

ग) दिवा खाजा व्यवस्थापनको ढाँचा जुनसुकै भए पनि यसको खरिद तथा आपूर्ति सार्वजनिक खरिद ऐन २०६६ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम प्रतिस्पर्धात्मक विधि अपनाई खाद्य सामग्री खरिद तथा व्यवस्थापन प्रक्रिया अपनाइनेछ ।

**१२) खाजा तयारी तथा वितरण सम्बन्धि व्यवस्थाः**

१) खाजा व्यवस्थापनका लागि यस नगरपालिका अर्न्तगतका विद्यालयहरुले प्रस्तुत नमुनाहरु मध्ये जुन उचित देखिन्छ सोही अनुसार खाजा तयारी र व्यवस्थापन गर्न सक्नेछ ।

क) दिवा खाजा तयारीका लागि विद्यालयमा कार्यरत सहयोगी कर्मचारीहरु परिचालन गर्नुपर्नेछ ।

ख) विद्यार्थी संख्या बढि भएका विद्यालयहरुले दिवा खाजा तयारीका लागि छुट्टै भान्से कर्मचारीको व्यवस्था गर्न सकिने छ । (सो को लागि आवश्यक पर्ने बजेट विद्यालयको आन्तरिक स्रोत वा नगरपालिकासँगको सहकार्यमा गर्न सक्नेछ ।)

ग) विद्यालय व्यवस्थापन समितिले स्वयंसेवक भान्से परिचालन गर्न सक्नेछ ।दिवा खाजा तयार गर्ने भान्से स्वयंसेवक भएपनि उनीहरुले गरेको परिश्रमलाई सम्मान गर्न केही रकम उपलब्ध गराउन सकिनेछ ।

घ)वालवालिकाको अभिभावकहरुको समिति गठन गरि उहाँहरुबाट खाजाको व्यवस्थापन गर्न सकिने छ ।

२) तयार भएको खाजा वितरण शिक्षकहरुको उपस्थीति तथा सहयोगमा पहिले साना कक्षादेखि शुरु गरि क्रमशः माथिल्लो कक्षाहरुलाई वितरण गर्नुपर्नेछ । कसैलाईकुनै पनि प्रकारको (जातिय, धार्मिक, साँस्कृतिक, लैङ्गिक र अपाङ्गताका आधारमा) भेदभाव गर्न पाइने छैन ।

३) दिवा खाजा तयार गर्ने सहयोगी कर्मचारी वा भान्से कारणवश अनुपस्थित हुने अवस्था आएमा स्वयंसेवक भान्सेको पूर्वव्यवस्था गर्नुपर्नेछ ।

## १३) दिवा खाजाको सामाजिक परिक्षण र लेखापरिक्षण प्रतिवेदनः

विद्यालयले प्राप्त दिवा खाजा वापत अनुदान रकमको खर्च पश्चातसामाजिक परिक्षण(Social Audit)र मान्यता प्राप्त निकायबाट लेखापरिक्षण (Audit) गराई सो को प्रतिवेदन संलग्न गर्नुपर्ने हुन्छ । प्रतिवेदन पेश गर्दा आवश्यकता अनुसार खर्चको सक्कली वा प्रतिलिपी बिल भरपाइहरु समेत नगरपालिकामा पेश गर्नुपर्ने हुनसक्छ ।उक्त प्रक्रिया पुरा नभएको अवस्थामा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा बाट निकासा भएको रकम बेरुजु हुन गइ सम्बन्धित विद्यालयले फिर्तागर्नुपर्ने हुनसक्छ ।

## १४) विद्यालयले दिवा खाजा कार्यक्रमका लागि बजेट माग गर्ने प्रक्रियाः

सामुदायिक विद्यालयहरुले निम्न अनुसार नगरपालिका सँग बजेट माग गर्नुपर्दछ ।

क) विद्यालयहरुले सम्बन्धित विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुकालागी प्रति दिन रु २० का दरले हिसाव गरी बार्षिकरुपमा १८० दिन नबढ्ने गरी हिसाव गर्नुपर्छ र त्रैमासिकरुपमा वा नगरपालिकाले तोकेको समयसिमा अनुसार माग गर्नुपर्छ ।

ख) पहिलो त्रैमासिकमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मासमावेश भइ सत्यापन भएको विद्यार्थी संख्याको आधारमात्यस त्रैमासिकमा अनुमानित कक्षा संचालन हुने दिन समेतलाइ आधार मानी बजेट माग गर्न सकिने छ । दोश्रो त्रैमासिक पश्चात स्वीकृत नम्सका आधारमा पहिलो त्रैमासिकको खर्च फच्र्यौट गरि खर्च माग नर्गुपर्ने छ ।

ग) अनुदान रकम निकासा माग गर्दा अनुसुचि ५ मा उल्लेखित अनुदान निकासा फारम भरि बिद्यायल व्यवस्थापन समिति अध्यक्ष र प्रधानध्यापक को संयुक्त दस्तखत र विद्यालयको छाप लगाइ नगरपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्ने छ ।साथै पछिल्लो किस्ता रकम माग गर्दा पहिलो किस्ता रकमको खर्चको बिवरण सहित पेशगर्नुपर्ने छ ।

## १५) दिवा खाजाको लागि रकम निकासा गर्ने प्रक्रियाः

नगरपालिकाले दिवा खाजा व्यवस्थापनका लागि नगद निकासा देहाय बमोजिम गर्नेछ ।

क) विद्यालय बाट पहिलो त्रैमासिककिस्ता रकम माग र शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा समावेश भइ सत्यापन भएको विद्यार्थी संख्याको आधारमा पहिलो त्रैमासिककिस्ता रकम नगरपालिकाद्वारासम्बन्धित विद्यालयको खातामा निकासा गरीनेछ ।

ख) नगरपालिकाले दोश्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा विद्यालयमा विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालय संचालन भएको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रधानाध्यापक रविव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी बिवरण प्रमाणित गराइ नगरपालिकामा संकलन गरी संख्या यकिन गरी दिवा खाजा कार्यक्रमलाइ प्रतिकुल असर नपर्नेगरी थप अनुदान उपलब्ध गराइने छ । यसरी प्रत्येक त्रैमासिक निकासा गर्दा उक्त समय भन्दा अगाडी निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरिनेछ ।

## परिच्छेद - ६

## दिवा खाजा कार्यक्रम संचालनको लागि कार्यान्वयन प्रकृया तथा संस्थागत संरचना

### १६)स्थानीयतहको कार्यक्रम कार्यान्वयन संयन्त्रः

नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा दिवा खाजा व्यवस्थापन गर्ने जिम्मेवारी नगरस्तरीय दिवा खाजा व्यवस्थापन उप-समितिको हुनेछ । उक्त समितिमा देहायबमोजिमका सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| क.नगर उप-प्रमूख | अध्यक्ष |
| ख. सामाजिक विकाससमितिको संयोजक | सदस्य |
| ग. नगरप्रमूखले तोकेको वडा अध्यक्ष मध्ये एक जना | सदस्य |
| घ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ. विद्यालय व्यवस्थापन समिति अध्यक्ष मध्येबाट नगरप्रमूखले तोकेको एक जना | सदस्य |
| च.प्रधानाध्यापकहरु मध्ये समितिका अध्यक्षले मनोनित गरेको एक जना | सदस्य |
| छ. स्थानीयतह भित्रका महिला शिक्षकमध्ये समितिका अध्यक्षले मनोनित गरेका शिक्षक एक जना | सदस्य |
| ज. कृषि विकास शाखा हेर्ने शाखा प्रमुख | सदस्य |
| झ. स्वास्थ्य शाखा हेर्ने शाखा प्रमुख | सदस्य |
| ञ.महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| ट. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

*आवश्यकता अनुसार कृषक, सहकारीका प्रतिनिधी, दातृ निकायका प्रतिनिधि र अन्य शाखा आदिलाई आमन्त्रीत गर्न सकिने छ ।*

### १७)नगर स्तरीय विद्यालय दिवा खाजा व्यवस्थापन उप-समितिको काम, कर्तव्य र जिम्मेवारीः

क)दिवा खाजाको लागि तोकेको राष्ट्रिय मापदण्ड अनुरुपकास्थानीयमापदण्ड र स्तर निर्धारण तथा कार्यान्वयन गर्ने, गराउने ।

ख) दिवा खाजा कार्यक्रमको लागी बार्षिक बजेट तथा कार्यक्रम तयार गरी नीति निर्धारण समितीमा पेश गर्ने ।

ग) दिवा खाजा कार्यक्रमको कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने गराउने ।

घ) दिवा खाजाको साप्ताहिक मेनु निर्धारण गरी कार्यान्वयनको लागि विद्यालयलाई उपलब्ध गराउने ।

ङ) दिवा खाजा व्यवस्थापनका लागि वार्षिक बजेट, कार्यक्रम, कार्यनीति तयार गर्ने ।

च) कार्यक्रम कार्यान्वयन गर्न विद्यालयलाइ सहजिकरण तथा समन्वय गर्ने ।

छ)निर्धारीत मापदण्ड अनुरुप खाजा उपलब्ध भएको सुनिश्चित गर्ने र कार्यक्रमको अनुगमन गर्ने ।

### १८) नगरपालिकाको काम, कर्तव्य र भुमिकाः

क) दिवा खाजा व्यवस्थपनको लागि सङ्घीय र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम बाहेक दिवा खाजाको व्यवस्थापनकालागी थप बजेटको व्यवस्थापन तथा बाँडफाँड गर्ने ।

ख) शिक्षा शाखाबाट प्रस्तुत भएको दिवा खाजाको कार्ययोजना, र वार्षिक बजेटलाई स्वीकृत गर्ने ।

ग) शिक्षा समितिबाट पेश भएको नीति, नियम, योजना तथा कार्यक्रमहरुको मस्यौदामाथि छलफल गरी आवश्यक परिमार्जन सहित स्विकृत गर्ने ।

घ) दिवा खाजा व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम तयार गरी, कार्यान्वयन गराउने ।

ङ) दिवा खाजाको विस्तार तथा गुणस्तरको लागि चाहिने स्रोतको लागि प्रदेश सरकार, अन्तरपालिका र दातृनिकायहरु सँग सहयोग र सहकार्यका लागि पहलगर्ने ।

च) निर्धारीत मापदण्ड, गुणस्तर तथा परिमाण अनुसार विद्यालयमा दिवा खाजा संचालन, व्यवस्थापन, बिभिन्न क्षेत्र बिचको समन्वय सहकार्य लागायत सम्पुर्ण कार्यको अनुगमन गरी समयमै पृष्टपोण दिने ।

### १९) नगर शिक्षा समितिको काम, कर्तव्य र भुमिकाः

क) न्यूनतम मापदण्ड र आवश्यक पूर्वाधारहरुको व्यवस्थापनको लागि चाहिने आर्थिक तथा जिन्सी स्रोत व्यवस्थापनको लागि वडा कार्यालय, नगरपालिका लगायत अन्य निकाय र दाताहरु सँग सहकार्य गर्ने

ख) आफ्नो मातहतको सम्पूर्ण निकाय तथा विद्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

ग) कार्यक्रम व्यवस्थापन तथा स्रोत परिचालनका लागि निजि क्षेत्र तथा स्थानीयसरकारी, गैर सरकारी सङ्घसंस्थाहरुसँग समन्वय र साझेदारी गरी कार्यक्रम व्यवस्थापनको उपयुक्त ढाँचा निर्धारण गर्ने र सो अनुसार कार्यान्वयन गर्ने ।

घ) कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङकन गर्ने गराउने ।

### २०) सामाजिक विकास समिति को काम, कर्तव्य र भुमिकाः

क)समितिको बैठकमा आवश्यकता अनुसार नगरपालिका अन्तर्गतका कृषि, पशुपंक्षि, सामाजिक सुरक्षा शाखाका प्रमुखहरु लगायत अन्य सरोकारवालाहरुलाई पनि आमन्त्रण गरी बहुक्षेत्रीय प्लेटफर्म कायम गरी आवश्यक सहयोग र सहकार्यका लागि पहल गर्ने ।

ख) शिक्षा शाखाले पेश गरेको दिवा खाजाको कार्ययोजना र बजेटमाथि आवश्यक छलफल गरी अनुमोदन गर्ने र कार्यपालिकामा स्वीकृतिको लागि आवश्यक पहल तथा समन्वय गर्ने ।

ग) दिवा खाजाको सञ्चालनको लागि चाहिने थप नीति, नियम, योजना तथा कार्यक्रमहरुको मस्यौदा तयार गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने ।

**२१) वडा कार्यालयको काम कर्तव्य र भुमिकाः**

क) विद्यालयहरुलाई चाहिने आवश्यक पूर्वाधारको लागि स्रोतको पहिचान, व्यवस्थापनर परिचालन गर्ने ।

ख) तोकिएको मापदण्ड अनुसार मातहतकाविद्यालयमा दिवा खाजा कार्यान्वयन भएनभएको अनुगमन गरी आवश्यक सल्लाह र सुझव सहीत सुधारका प्रयास गर्ने गराउने ।

घ) विद्यालय दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी बनाउन वडा तह बाट बार्षिक नीति तथा कार्यक्रम मार्फत सम्बोधन गरी आवश्यक बजेटको व्यवस्थापन नर्गे ।

**२२) नगरपालिकाअर्न्तगतका विषयगत शाखाहरुको काम, कर्तब्य र भुमिकाः**

**१) शिक्षा तथा खेलकुद शाखाः**

क) विद्यालय दिवा खाजा कार्यक्रम संचालन गर्न नगरस्तरीयविद्यालयदिवा खाजा व्यवस्थापन उपसमितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

ख) सम्बन्धित निकायलगायत शिक्षक, वि.व्य.स.र कृषक समूहहरुको प्रतिनिधिहरुको समन्वयमा तोकिएको मापदण्ड अनुसारको सप्ताहिक मेनु निर्माण गरी नगरस्तरीय दिवा  खाजा व्यवस्थापन उप-समिति बाट स्वीकृत गराइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउँने ।

ग) दिवा खाजा कार्यक्रम सञ्चालनको लागि बार्षिक कार्ययोजना तथा बजेट बनाई कार्यान्वयन गर्ने र गराउने ।

घ) दिवा खाजा कार्यक्रम सञ्चालनको लागि चाहिने मानव स्रोत तथा कर्मचारी आवश्यकता पहिचान, परिचालनगरी र सोको व्यवस्थापनको लागि नगरपालिकासँग पहल गर्ने ।

ङ)तोकिएको मापदण्ड तथा नियमअनुसार वालविकास केन्द्र र कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुको दैनिक हाजिरी बिद्यलयले प्रमाणित गरी पठाएको र मागको आधारमादैनिक प्रति विद्यार्थी रु २० का दरले हुन आउने रकमत्रैमासिक रुपमा निकाशाको लागी नगरपालिका आर्थिक प्रशासन शाखामा सिफारिस गरि पठाउँने ।

च) प्रधानाध्यापकहरुको माषिक बैठकमा दिवा खाजालाई मुख्य एजेण्डाको रुपमा छलफल गर्ने गराउने ।

छ) दिवा खाजा सञ्चालन तथा व्यवस्थापनमा कार्यरत कर्मचारी तथा अन्य सरोकारवालाहरुको (भान्से, वि.व्य.स.र शिक्षकहरुको ) क्षमता विकासका लागि पहल गर्ने ।

ज) विद्यालय, सहकारी तथा कृषक र कृषक समूह बिच सम्झौता गर्न सहजिकरण गर्ने ।

झ) दिवा खाजाको कार्यान्वयन तोकिएको मापदण्ड अनुसारको भए नभएको अनुगमन गरी आवश्यक सल्लाह सुझाव र सहजीकरण गर्ने गराउने ।

ञ) विद्यालय दिवा खाजा कार्यक्रमका सम्बन्धमा माथिल्लो निकाय बाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउँने ।

**२) कृषि तथा पशुपंक्षि शाखाः**

क)नगरपालिका भित्र रहेका सहकारी, कृषक तथा पशुपालन समूह, अगुवा कृषक र कृषि उपज संकलनकर्ताहरुको बिवरण अध्यावधिक गरी दस्तावेजिकरण गर्ने ।

ख) कुषक समुह गठन, पुर्नगठन, दर्ता र नबिकरण, सुचिकृतगर्ने ।

ग)तोकिएको मापदण्ड भित्र रहि विद्यालय, सहकारी, कृषक र अन्य सरोकारवालाहरु वीच सम्झौता गर्न सहजीकरण गर्ने ।

घ) कृर्षकहरुको क्षमता तथा सिप विकास र अनुदान सहयोगका लागि योजना तर्जुमा गरि बजेट विनियोजनका लागि वकालत गर्ने ।

**३) स्वास्थ्य शाखाः**

क) पोषणयुक्त विद्यालय दिवा खाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न नगरस्तरमा नीति तथा योजना निर्माणमा सहकार्य गर्ने ।

ख) शाखाले वालवालिकाको स्वास्थ्य आवश्यकतालाइ ध्यान दिदै पोषण र स्वास्थ्यका मापदण्ड तयार गरी गुणस्तरीय र पोषणयुक्त खाद्य पदार्थलाइ विद्यालय दिवा खाजा कार्यक्रममा समावेश गर्न मदत गर्ने ।

ग) विद्यालयमा स्वास्थ्यकर्मी परिचालन गरी विद्यालय दिवा खाजा गुणस्तरीय, प्रभावकारी कार्यान्वयन र अन्य स्वास्थ्यका कार्यक्रमहरु सँगसहकार्य गर्न पहल गर्ने ।

घ) स्थानीयकृषक, विद्यालयव्यवस्थापन समिति र अन्य सरोकारवालाहरुलाइ पोषणयुक्त दिवा खाजा उत्पादन, तयारी र बितरण सम्बन्धि तालिम प्रदान गर्ने ।

**२३) विद्यालयका प्रधानाध्यापकको काम, कर्तव्य र जिम्मेवारीः**

क)विद्यार्थीको दैनिक उपस्थिति नियमित अध्यावधिकभएको सुनिश्चित गर्ने र सोहि आधारमा विद्यालयमा दैनिक खाजा पकाउन खाद्यान्नको व्यवस्थापन गर्ने र खाजा तयार गर्न तोकिएको व्यक्तिलाई उपलब्ध गराउने ।

ख) नगरपालिकाबाट खाजाको रकम निकासा लिईसम्झौता र कारोबारको आधारमा सहकारी/कृषकसमूह/कृषि फर्मलाई मासिक रुपमा उपलब्ध गराउने ।

ग) दिवा खाजातयार गर्ने, प्रयोग हुने खाद्य सामग्री र अन्यसामग्रीहरुको उचित भण्डारण गर्ने ठाउँ, दिवा खाजा पकाउने ठाउँ उपलब्ध गराउनका साथै सरसफाईको उचित प्रबन्ध गर्न गराउन सहयोग पुऱ्याउने ।

घ) दिवा खाजाको आम्दानी खर्चको हिसाव लिई मासिक प्रगति विद्यालय व्यवस्थापन समितिबाट पारित गरी नगरपालिकामा पेशगर्ने ।

ङ) दिवा खाजा सम्वन्धमा नगरपालिकावाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने ।
च) विद्यार्थीको भर्ना, नियमितता, सिकाई अवस्था, स्वास्थ्य र पोषण तथा सरसफाई बारे अभिभावकलाई जानकारी गराउने ।
छ) दिवाखाजा कार्यक्रमको संक्षिप्त सूचनामूलक चार्ट तयार गरी कार्यालय कक्षमा प्रदर्शन गरी राख्ने ।
ज) विद्यालयमा दिवाखाजा व्यवस्थापनका लागि आवश्यक पर्ने थप स्रोत साधन तथा सहयोग उपलब्ध गराउने ।
झ) नियमित अनुगमन गरी सुझाव कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।
ञ) अभिभावक भेला गराई स्वच्छ शैक्षिक वातावरण सिर्जना गर्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
ट) वार्षिक रुपमा सामाजिक परीक्षण र लेखा परिक्षणगराई सम्बन्धित निकायमा तोकिएको ढाँचामा प्रतिबेदन पठाउने ।

थ) यस निर्देशिका तथा प्रचलित कानुनले तोकेका अन्य कार्य गर्ने ।

**२४) विद्यालय व्यवस्थापन समितिकोकाम, कर्तव्य र जिम्मेवारीः**

क) प्रत्येक बर्ष शैक्षिकसत्र प्रारम्भ हुनुपूर्व दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयनको सम्बन्धमा समिक्षा गरी प्रतिवेदन तथा वार्षिक कार्ययोजना निर्माण गर्न लगाउने ।

ख) तोकिएको मापदण्ड अनुरुपमा भान्सा भण्डारण सरसफाई खाद्य सामग्री र खाजाको व्यवस्था गर्ने ।

ग) खाजा तयारी व्यवस्थापन अनुगमन गरी देखिएका समस्या समाधानका उपाय अवलम्बन गर्ने, गराउने ।

घ) विद्यालय दिवा खाजाको अभिलेख राख्ने, राख्न लगाउने ।

ङ) स्थानीयकृषि उत्पादनबाट दिवा खाजाका लागि आवश्यक खाद्य सामग्री उपलब्ध हुने व्यवस्था मिलाउन बहुपक्षिय समन्वय र सहकार्य गर्ने ।

**२५) अभिभावक/आमा समूहकाम, कर्तव्य र जिम्मेवारीः**

क) विद्यालयमा खाजा तयारी तथा वितरणमा रेखदेख तथा सहयोग गर्ने ।

ख) विद्यालयको माग अनुसारको खाद्य सामग्रीहरु उत्पादन गर्ने, गराउने ।

ग) विद्यालयमा दिवा खाजाको लागि स्थानीयउत्पादित गुणस्तरीय खाद्य सामग्रीहरु उपलब्ध गराउने ।
घ) आफ्ना वालवालिकालाई विद्यालयले मेनु अनुसारको खाजा उपलब्ध गरे, नगरेको छलफल तथा अनुगमन गर्ने ।
ङ) विद्यालयले आयोजना गरेको भेला वा बैठकमा उपस्थित भइ तोकिएको जिम्मेवारी अनुसार सहयोग गर्ने र गराउँने ।

**परिच्छेद - ७**

**दिवा खाजाको लागि खाद्य सुरक्षा, स्वच्छता तथा गुणस्तर सम्बन्धी व्यवस्था**

## २६) दिवा खाजा तयारिका क्रममा अपनाइने खाद्य सुरक्षा तथा स्वच्छता

### २६.१. सरसफाइ राख्ने सम्बन्धमाः

क) भान्साको नियमित सरसफाइ, खाना छुँदा र पकाएको खाना वालवालिकाहरुलाइ बितरण गर्ने बेलामा नियमित साबुन पानिले मिचिमिचि हात धुने र बिद्यार्थीहरुलाइ पनि अनिवार्य धुन लगाउने ।

ख) खाना पकाउँदा र खुवाउँदा प्रयोग गरीने सामग्रीहरु सधै सफा राख्ने ।

ग) भान्सा र खानेकुरामा किरा, मुसा र अन्य जिवहरु प्रबेश गर्न नदिने र सुरक्षित राख्ने ।

### २६.२. सुरक्षित पानी र खाद्यवस्तुको मात्र प्रयोग गर्ने सम्बन्धमाः

क) पानि सुद्धिकरणका बिभिन्न बिधिहरु प्रयोग गरी सुद्धिकरण गरेर सफा पानी पिउने ।

ख) ताजाँ र पौष्टिक खाद्यवस्तुहरु प्रयोग गर्ने र खानेबानी बसाल्ने । फलफुल तथा तरकारी जस्ता नपकाइ खाने खानलाइ सफा र सुरक्षित पानिले धोएर मात्र प्रयोग गर्ने ।

ग) दुधजन्य खाद्यवस्तुहरुको प्रयोग हुने खाजाहरुमा राम्रो सँग उमालेर प्रयोग गर्ने र उपभोग्य मिति नाघेका खाद्यसामग्री वा खानेकुराहरु प्रयोग नगर्ने ।

### २६.३. राम्ररी पकाउने सम्बन्धमाः

क) खाद्यवस्तुहरुको तयारी गर्दा खानेकुराहरु रम्ररी पकाउने, दुध, तरकारी, झोल तथा अन्य पेय खाद्यवस्तुलाइ समेत राम्रोसँगपकाकाएर वा उमालेर मात्र प्रयोग गर्ने ।

ख) खाना तयार भएपछि विद्यार्थीहरुले खानसक्नेगरी चाडो भन्दा चाडो खुवाउने ।

ग) काँचो मासु तथा पशुजन्य खाद्यवस्तुलाइ अन्य खाद्यवस्तुहरुबाट अलग राख्ने, पकाएको वा नपकाएको खानेकुराहरु नमिसाएर अलग अलग राख्ने ।

## २७) सफा पानीको उपलब्धता र सरसफाई क्रियाकलाप सम्बन्धमाः

क)विद्यालयमा उपयुक्त खानेपानी, सरसफाई र स्वच्छता को लागि विद्यालयले आवश्यक व्यवस्था गर्नुपर्नेछ । यस्तो सुविधाको उपलब्धता तथा पूर्वाधार व्यवस्थापनका लागि गाउँपालिकाले सम्बन्धित निकाय, दातृसंस्थाहरुबाट समेत सहयोग परिचालन गर्न सक्ने छ । खाजा खानु अगाडी सबै विद्यार्थीहरुलाई नियमित हात धुने र सरसफाई गर्ने गराउने सुनिश्चितता प्र.अ.ले गर्नु पर्दछ

## २८) विद्यालय स्वास्थ्य तथा पोषण सचेतना क्रियाकलापसम्बन्धमाः

क) विद्यार्थीहरुलाई जुकाको औषधि, भिटामिन ए तथा आइरन फोलिक एसिड चक्की(**किशोरीलाइ मात्र**) खुवाउने लगायत अन्य पोषण तथा स्वास्थ्य सम्बन्धी क्रियाकलापहरु गर्न वडामा रहेका स्वास्थ्य संस्थाहरुलेविद्यालय र नगरपालिका स्वास्थ्य शाखा सँग समन्वय गरी उपलब्ध गराउनुपर्ने छ ।

ख) विद्यार्थीहरुलाइ पोषण शिक्षा र सचेतना जागरणका लागी विद्यालयहरुले खाना तथा पोषण मेला, पोषणयुक्त खाद्य सामग्री सङकलन तथा प्रदर्शनी, करेसाबारी तथा बगैंचा अवलोकन भ्रमण, पोषण खेल जस्ता क्रियाकलापहरु आयोजना गर्नसक्नेछ ।

## २९) करेसाबारी व्यवस्थापन सम्बन्धमाः

क) बालवालिकाहरुका लागी ताजा तरकारी आपूर्ति गर्न र प्रयोगात्म अभ्यासको माध्यमबाट विद्यार्थीहरुलाइ ब्यवसयिक शिक्षा प्रदान गर्न विद्यालयहरुमा रहेको जग्गा वा अन्य व्यक्तिको जग्गा भाडा लिएर पनि करेसाबारी व्यवस्थापन गर्न सक्नेछ ।

ख) आवश्यकता अनुसार नगरपालिकाले करेसाबारी व्यवस्थापनका लागि विद्यालयहरुलाई विउविजन, उपकरण औजार र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद - ८

## ३०) दिवा खाजा कार्यक्रममा लागत साझेदारीः

क)विद्यालय दिवा खाजा प्रभावकारी कार्यान्वयन तथा स्थानीयउत्पादन केन्द्रित बनाउन नगरपालिकाले जिल्ला शिक्षा तथा युवा खेलकुद समन्वय ईकाइ, प्रदेश सरकार र नेपाल सरकार लगायत अन्य दातृ निकाय, निजी क्षेत्रसँग समन्वय गरी अनुदान प्राप्त गर्ने ब्यवस्था मिलाउने छ ।

ख) नगरपालिका भित्र वा बाहिर रहेका सहकारी, आमा समूह, कृषक समुहहरु सँग आवश्यक वित्तीय, व्यवस्थापकीय तथा लागत साझेदारी गरी आवश्यक सहयोग प्राप्तगर्ने छ ।

ग) बजेटको उपलब्धता र स्रोतको आधारमा नगरपालिकाले दिवा खाजालाइ क्रमशःबिस्तार गर्नसक्ने छ ।

## परिच्छेद -९

## दिवा खाजाको अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

## ३०) दिवा खाजा कार्यक्रमको अनुगमनः

क) दिवा खाजा कार्यक्रम व्यवस्थापनलाइ मापदण्ड अनुसारको गुणस्तरीय बनाउँन आवश्यक खाद्यसामग्री उत्पादन, आपुर्ति, खरिद, भण्डारण, तयारी, वालवालिकालाइ खाजा खुवाउने फोहरको दिगो व्यवस्थापन तथा समग्र कार्यक्रमको अनुगमन तथा अनुगमनको लागि आवश्यक समन्वय र संयोजन गर्ने जिम्मेवारी नगरपालिका शिक्षा तथा खेलकुद शाखाको हुनेछ ।

ख) शिक्षा तथा खेलकुद शाखाले बार्षिक अनुगमन योजना बनाइ सोहि अनुसार नियमित अनुगमन गर्नेछ र नगरस्तरीयविद्यालय दिवा खाजा व्यवस्थापन उपसमिति र नगरपालिकाका मुख्य नेतृत्व तथा अन्य कर्मचारीहरुबाट समेत अनुगमत गरीने छ ।

ग) अनुगमन गर्दा अनुसूची ६ मा भएको अनुगमन चेकलिष्टको आधारमा गरिनेछ ।

## ३१) दिवा खाजा कार्यक्रमको अभिलेख

प्रत्येक विद्यालय र वि.व्य.स.ले दिवा खाजा सम्बन्धी विद्यार्थीहरुको भर्ना, सहभागिता, सिकाइ उपलब्धिको साथै खरिद योजना तथा खाद्य सामग्री खरिदबिल तथा खर्चको भरपाई लगायत अन्य प्रगति

र सफलताको विस्तृत अभिलेख राख्नेछ । त्यसैगरीनगरपालिका शिक्षा तथा खेलकुद शाखाले पनि विद्यालयहरुले पेस गरेको प्रतिवेदनहरुलाई एकीकृत गरी नगरपालिकास्तरीय अभिलेख तयार पार्नेछ ।

**३२) दिवा खाजा कार्यक्रमको प्रतिवेदन**

दिवा खाजा कार्यक्रमको प्रतिवेदन विद्यालय र शिक्षा तथा खेलकुद शाखाले देहायबमोजिम गर्ने छ ।

**१) विद्यालय तहबाट पेस गर्नुपर्ने प्रतिवेदन**

विद्यालय तहको प्रतिबेदन सम्बन्धित विद्यालयको प्रधानाध्यापकले तयार गरी विद्यालयव्यवस्थापन समितिको सहयोगमा निम्नअनुसारको प्रतिवेदन तयार गरी नगरपालिका शिक्षा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

क) विद्यार्थीहरुको माषिक हाजिरी रेकर्ड तयार गरी पेश गर्ने
ख) वार्षिक खरिद योजनाको आधारमा प्रगति प्रतिबेदन
ग) त्रैमासिक प्रगति प्रतिवेदन सँगै अर्को त्रैमासिकका लागी अनुदान रकम माग फारम समेत पेश गर्नुपर्ने छ ।
घ) बार्षिक प्रगति प्रतिवेदन

**२) नगर शिक्षा तथा खेलकुद शाखाः**

शिक्षा तथा खेलकुद शाखाले तोकिएको मापदण्डका आधारमा प्रतिबेदन तयार गरी नगरस्तरीय विद्यालय दिवा खाजाव्यवस्थापन उपसमिति बाट स्वकृति गरी सम्बन्धित शाखा, समिति तथा निकायमा पेशगर्नुपर्ने छ ।


क) एकीकृत वार्षिक खरिद योजना
ख) एकीकृतत्रैमासिक प्रगति प्रतिबेदन
ख) एकीकृत वार्षिक प्रगति प्रतिवेदन
ग) अनुगमन प्रगति प्रतिवेदन

# <u>अनुसुचिहरु</u>

**बुङ्गल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खिरातडी, बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## अनुसुचिः १

## विद्यालय दिवा खाजा साप्ताहिक मेनु २०८३



**बुङ्गल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खिरातडी, बभ्फाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## अनुसूचीः २

## कृषि उपजहरु खरिद तथा आपूर्ति सम्वन्धी विद्यालय र कृषि सहकारी/कृषक समूह/ कृषकबीच सम्झौता पत्रको नमूना ।

मिति:

नेपाल सरकारबाट ससर्त अनुदानकोरुपमा स्थानीय तह मार्फत सञ्चालित सामुदायिक विद्यालय दिवाखाजा कार्यक्रमलाई व्यवस्थित बनाउन नेपाल सरकारले जारी गरेको स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवाखाजा प्रारुप २०८१ स्वीकृत भई कार्यान्वयनमा आएको छ। स्थानीय कृषि सहकारी/ कृषक समूह/ कृषकबाट उत्पादित कृषि उपजहरुको उपयोग गरी ............... जिल्लाको ..................पालिकामा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवाखाजा कार्यक्रम नियमितरुपमा सञ्चालन गर्न आवश्यक खरिद तथा आपूर्ति व्यवस्थित गर्न विद्यालय र कृषि सहकारी/कृषक समूह/स्थानीय कृषकबीच भएको सम्झौता।

सम्झौता नम्बर:

प्रथम पक्ष:

.................................................................................................................................

**दोस्रो पक्षः**

.................................................................................................................................

बीच संलग्न अनुसूचीमा उल्लेख गरिए बमोजिम विद्यालय दिवाखाजा सम्बन्धि कार्यक्रम सञ्चालन गर्न सहमत छौं । यस कार्यक्रम कार्यान्वयनका लागि हामी दुवै प्रथम र दोस्रो पक्षबीच देहाय बमोजिमका स्थानीय स्तरमा उत्पादित खाद्य सामग्रीको खरिद तथा नियमित आपूर्तिका लागि निम्न लिखित शर्तहरुमा निहित रही गर्ने गराउने भनी यो सहमति पत्रमा हस्ताक्षर गरी एकएक प्रति लियौं दियौं ।

**सम्झौताका बुँदा तथा शर्तहरु**

**१.उपभोग्य वस्तु तथा परिमाण**

१.१ दोस्रो पक्षले अनुसूची १ मा उल्लेख भए बमोजिमको परिमाणमा उपभोग्य गुणस्तरीय खाद्य सामग्रीको आपूर्ति प्रथम पक्षलाई गर्नु पर्ने छ ।
१.२ दिवाखाजाको लागि आवस्यक खाद्य सामग्री उपलब्ध भएसम्म स्थानीय कृषकसँग खरिद गरी उपलब्ध गराउनु पर्नेछ ।

**२. मूल्य**

२.१ खाद्य सामग्रीको प्रति इकाई मूल्य दुवै पक्षको सहमतिमा निर्धारित अनुसूची १. मा उल्लेख भए बमोजिम आपूर्ति गराउनु पर्ने छ ।

**३. ढुवानी**

३.१ उपभोग्य सामग्रीहरुको आपूर्ति अनुसूची १ मा उल्लेख भएको निर्धारित परिमाण तथा मूल्य विश्लेषण अनुसार सम्वन्धित विद्यालयहरुलाई आपूर्ति गर्नुपर्नेछ ।
३.२ उपभोग्य सामग्रीको आपूर्ति मिति पहिलो र दोश्रो पक्षको आपसि सहमतीबाट निर्धारण गरिने छ ।
३.३ दोस्रो पक्षले आपूर्ति गरिएका उपभोग्य खाद्य सामग्रीको अनुसूची १ मा व्यवस्था भए बमोजिम २ प्रति आपूर्ति सुनिश्चितता पत्र पहिलो पक्षलाई उपलब्ध गराउनुपर्नेछ। आपूर्ति गरिएको खाद्य सामग्रीको प्राप्ति विवरण दस्तखत सहित बुझिलिएको रसीद/भर्पाइ प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।
३.४ यदि कुनै कारणवस तोकिएको मितिमा वस्तु आपूर्ति गर्न नसकिने अथवा ढिलाई हुनसक्ने अवस्था भएमा एक हप्ता अगावै आपूर्ति तालिका र आपूर्ति गर्न नसकिने वस्तुको परिमाण समेत खुलाई दोस्रो पक्षले प्रथमपक्षलाई लिखित कारण सहित जानकारी गराउनुपर्नेछ ।

**४. गुणस्तरको प्रत्याभूति**

४.१ विद्यालयको तर्फबाट तोकिएको आधिकारिक व्यक्तिले आपूर्ति गरिएको खाद्य सामग्रीको गुणस्तर मापन गर्न सक्नेछ ।
४.२ कुनै कारणवश आपूर्ति गरिएका खाद्य वस्तु तोकिएको गुणस्तर भन्दा कम भएको पाइएमा सोको जानकारी दोस्रो पक्षलाई समयममा गराउनु पर्नेछ ।कम गुणस्तरको खाद्य सामग्री बुझ्न र भुक्तानी दिन विद्यालय बाध्य हुने छैन ।

**५. भुक्तानीका सीमा तथा प्रकिया**

५.१ प्रत्येक महिनाको मसान्तमा दोस्रो पक्षले हस्तान्तरण गरिएका खाद्य सामग्रीहरुको बील/बिजक प्रथम पक्षलाई अनुसूची १ मा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ ।
५.२. प्रथम पक्षले स्थानीय तहबाट दिवाखाजा बापत निकासा भएको रकम सात दिनभित्र दोस्रो पक्षलाई पेस गरेका आधिकारिक बिल बिजकका आधारमा नियमानुसार भुक्तानी दिनुपर्नेछ ।

**६. मूल्य भिन्नता**

६.१ कृषि उपजको मूल्यमा बिशेष परिस्थिति जस्तै प्राकृतिक प्रकोप, खडेरी जस्ता अपवादका अवस्था बाहेक अन्य अवस्थामा मूल्य भिन्नता स्वीकार्य हुनेछैन ।

६.२ मूल्य भिन्नता हुनु पर्ने अवस्था आईपरेको खण्डमा स्थानीय तहसँगको समन्वयमा यस सम्झौताका दुबै पक्षहरुबीच हुने औचित्यपूर्ण आपसी सहमतिमा मात्र गर्न सकिनेछ ।

**७. सहजीकरण**

७.१ कुनै प्रक्रियागत सवाल समस्या समाधानको लागि परामर्श/सुझावको आवस्यकता परेमा तेस्रो पक्षीय सहजकर्ताको सहयोग निश्चित उद्धेश्यको लागि लिन सकिनेछ।समस्या समाधानका लागि स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक सहयोग हुनेछ।

७.२ स्थानीय उत्पादनमा आधारित दिवाखाजा कार्यक्रमलाई व्यवस्थित र थप प्रभावकारी बनाउन सम्झौताका दुवै पक्ष र सरोकारवालाबिच त्रैमासिकरुपमा कार्यान्वयनको समिक्षा हुनेछ ।

**८. अवधिः**

८.१ सामान्यतया यस संझौताको अवधि ........................................................मसान्तसम्मको हुनेछ ।

यो सम्झौता मिति .....................गते ....................................... दिन मा देहायका दुवै पक्षबाट हस्ताक्षर गरी सम्पन्न भयो ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट<br>विद्यालयको छाप | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः<br>स्थानः |
| दोस्रो पक्षको तर्फबाट<br>कृषि सहकारी वा कृषक समूहको छापः | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः<br>स्थानः |
| साक्षी रोहवर<br>स्थानीय तहको शिक्षा युवा तथा खेलकुद शाखा | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः<br>स्थानः |
| साक्षी रोहवर<br>वडा कार्यालय, | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः<br>स्थानः |

# खिरातडी, बझाङ्ग
# सुदुरपश्चिम प्रदेश, नेपाल

## अनुसूचिः ३
## खाद्य परिमाण दररेट मूल्य (विश्लेषण)

| क्र.स | खाद्य सामग्री | प्रति ( किलोग्राम) | आपूर्ति भएको खाद्य सामग्रीको परिमाण ( के.जी) | जम्मा मूल्य | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| अन्न समूह | | | | | | |
| १ | चामल | ८० | | | | |
| २ | चामलको पिठो | ९० | | | | |
| ३ | गहुको पिठो | ७० | | | | |
| ४ | कोदोको पिठो | १०० | | | | |
| ५ | मकैको पिठो | ४० | | | | |
| ६ | जौको पिठो | १३० | | | | |
| ७ | मकै | ३० | | | | |
| ८ | गहुँ | ६० | | | | |
| ९ | उवा | ९० | | | | |
| गेडागुडी समूह (दलहन) | | | | | | |
| १० | गहत | २५० | | | | |
| ११ | गुँरास | २५० | | | | |
| १२ | कला | १५० | | | | |
| १३ | केराउ | १०० | | | | |
| १४ | भटमास | ८० | | | | |
| १५ | सिमि, राजमा | २५० | | | | |
| १६ | मासको दाल | २५० | | | | |
| १७ | मसुरोको दाल | २०० | | | | |
| १८ | चना | १५० | | | | |
| मौसमि तरकारी हरीयो सागपात | | | | | | |
| १९ | तरुल | ८० | | | | |
| २० | आलु | ४० | | | | |
| २१ | पिडालु | ८० | | | | |
| २२ | हरियो केराउ | १५० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | फर्सी | ६० | | | | |
| २४ | काउली | ८० | | | | |
| २५ | चिचिन्डो | ७० | | | | |
| २६ | घिरौँला | ७० | | | | |
| २७ | बरेला | ६० | | | | |
| २८ | बन्दा | ५० | | | | |
| २९ | भेडेखुर्सानी | १०० | | | | |
| ३० | भिण्डी | ८० | | | | |
| ३१ | टमाटर | ८० | | | | |
| ३२ | प्याज | ८० | | | | |
| ३३ | मुला | ३५ | | | | |
| ३४ | चोतो | ६० | | | | |
| ३५ | काँको | ८० | | | | |
| ३६ | गाजर | ८० | | | | |
| ३७ | कोइरालो | १०० | | | | |
| ३८ | साग (रायो, पालुङ्गो, धनिया, बेथे, रुघो, निउरो, सिस्नो, कर्कलो, जरक, फर्सिको मुन्टा) | १०० | | | | |
| **पशुजन्य तथा फलफुल** | | | | | | |
| ३९ | केरा | १२० | | | | |
| ४० | पुलम | ८० | | | | |
| ४१ | मेवा | १२० | | | | |
| ४२ | स्याउ | २५० | | | | |
| ४३ | नासपती | ५० | | | | |
| ४४ | अम्वा | ५० | | | | |
| ४५ | सुन्तला | १०० | | | | |
| ४६ | मौसमी | ५० | | | | |
| ४७ | आरु | ७५ | | | | |
| ४८ | तेल | ३०० | | | | |
| ४९ | घिउ | ८०० | | | | |
| ५० | दुध | ६० | | | | |
| ५१ | चिनी | १५० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५२ | गुड | २०० | | | | |
| ५३ | दहि | १०० | | | | |
| ५४ | छाँई | ५० | | | | |
| ५५ | अण्डा | २६४ | | | | |

**बुङ्गल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खिरातडी, बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## अनुसूचीः ४

मितिः

विषयः विद्यालय दिवा खाजामा खाद्यान्न आपूर्तिको लागि कृषक समुह र कृषि सहकारीहरूलाई निवेदन पेश गर्ने बारेको सूचना ।

श्री सबै कृषि सहकारीहरू तथा कृषक समुहहरू,

…………………………………………………………।

प्रस्तुत विषयमा यस ……………………… नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सञ्चालन भइरहेको दिवा खाजा कार्यक्रममा “स्थानीय उत्पादनमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम व्यवस्थापन कार्यविधि २०८३को अनुसूची १ र ३” अनुसार स्थानीय स्तरमा उत्पादन एवं उपलब्ध हुने खाद्य सामग्रीहरू समावेश भएको दिवाखाजाको मेनु बमोजिम सम्बन्धित विद्यालयहरूसँग सम्झौता गरी नियमित आपूर्ति गर्ने प्रयोजनका लागि यस नगपालिकामा नियमानुसार दर्ता भएका इच्छुक कृषि सहकारी, बहुउद्वेश्यीय  सहकारी, कृषक समुह/ कृषकले निवेदन पेश गर्नको लागि सूचना प्रकाशन भएकोमा २०…….. साल ……………..महिना ………. गतेसम्म …………………….नगरपालिकाको शिक्षा यूवा तथा खेलकुद महाशाखा/शाखा वा प्रशासन शाखामा निवेदन पेश गर्न सम्बन्धित सम्पूर्ण सरोकारवालाको जानकारीको लागि यस नगरपालिकाको मिति ……………निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

१. सम्बन्धित कृषक समूह र कृषि सहकारीको दर्ता, पान नं., समुह / सहकारीको विधानको प्रतिलिपी तथा गत वर्ष गरेको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी र कर चुक्ता गरेको प्रमाणको प्रतिलिपी ।

२. कृषक समुह र सहकारीको दिवा खाजामा स्थानीय निर्णयको प्रतिलिपी र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

३.मेनु अनुसारको खाजाको लागि स्थानीय कृषि उत्पादनहरू आपुर्ति गर्ने प्रतिवद्धता पत्र र सहकारीको जानकारी फारम ।

थप जानकारीको लागि यस नगरपालिकाको शिक्षा यूवा तथा खेलकुद महाशाखा/शाखा वा प्रशासन शाखामा सम्पर्क गर्न हुन ।

हस्ताक्षरः
नामः
पदः

**बुङ्गल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खिरातडी, बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## अनुसुचिः ५

## त्रैमासिक प्रगति बिवरण तथा अनुदान निकासा फारम

(त्रैमासिक बिवरणका आधारमा तथ्याङ्क भर्नुपर्ने)

आर्थिक बर्ष: ०८....।...०८....                                   त्रैमासिक: पहिलो, दोश्रो, तेश्रो, चौथो
विद्यालयको नाम:                                                                  वडा नं.
अधिल्ला त्रैमासिकमा बिद्यालप संचालित दिन:                                   खाजा उपभोग भएको जम्मा दिन:

**क) अधिल्लोत्रैमासिकको विद्यार्थी बिवरण**

| **बिवरण** | **जम्माछात्र** | **जम्मा छात्रा** | **कुल (छात्र, छात्रा)** | **दलित छात्र** | **दलित छात्रा** | **जम्मा दलित (छात्र, छात्रा)** |
|---|---|---|---|---|---|---|
| जम्मा भर्ना | | | | | | |
| जम्मा उपस्थिति दिन | | | | | | |
| खाजा उपभोग भएको दिनको जम्मा उपस्थिति | | | | | | |

**ख) हालको मौज्दात र यस त्रैमासिकको निकासा बिवरण**

| बिवरण | रकम (रु हजारमा) | खाद्य सामग्री (किलो ग्राम) | | | | |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ |
| गत त्रैमासिकको मौज्दात | | | | | | |
| गत त्रैमासिकको प्राप्त | | | | | | |
| गत त्रैमासिकको खर्च | | | | | | |
| बचत र मौज्दात | | | | | | |
| जम्मा विद्यार्थीभर्ना | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आगामी त्रैमासिकमा खाजा उपभोग हुन दिन | | | | | | |
| प्रति दिन प्रति विद्यार्थीलागत रकम र आवश्यक खाद्य सामग्री | | | | | | |
| यस त्रैमासिकको आवश्यक रकम र खाद्य सामग्री | | | | | | |
| जम्मा बचत र मौज्दात | | | | | | |
| यस त्रैमासिकमा निकासा हुनुपर्ने रकम र खाद्यान्न | | | | | | |

बि.व्य.स अध्यक्षको नाम:प्रधानाद्यापकको नाम:
हस्ताक्षर: हस्ताक्षर:
मिति: मिति:

## सुदुरपश्चिम प्रदेश, नेपाल

## अनुसूची ६ :
## अनुगमन फारम

विद्यालयको नाम : भ्रमण गरेको मिति :
विद्यालयको कोर्ड न : वडा नं.
विद्यालय सम्पर्क फोन नं :
अनुगमनकर्ताको संख्या :
अनुगमनकर्ता बिवरण

| क्रस | नाम | सस्था वा शाख | पद |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**विद्यार्थी भर्ना तथा उपस्थिति विवरण :**

| विद्यार्थी विवरण | भर्ना विवरण | | | भ्रमण गर्ने गणना भएको विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| बाल कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| कक्षा १ | | | | | | |
| कक्षा २ | | | | | | |
| कक्षा ३ | | | | | | |
| कक्षा ४ | | | | | | |
| कक्षा ५ | | | | | | |
| जम्मा | | | | | | |

अघिल्लो हप्ताको हाजिरी विवरण उल्लेख भए अनुसार विद्यार्थी औसत उपस्थिति .............

**प्रधानाध्यापक वा शिक्षक र कर्मचारीहरुसँग लिइने अन्तरक्रिया**

१. विद्यार्थीहरुको औसत उपस्थिति

क. निरीक्षण गरिएको दिन विद्यार्थीको औसत उपस्थिति

ख. उपस्थिति कम भएमा कारण

१. खेति स्याहार्ने र लगाउने बेला भएर ।

२. अभिभावकले विद्यालय नपठाएर ।

३. घरमा काम परेकाले ।

४. बिरामी परेकाले ।

५. अन्य कारणले ।

**२.२ सबै कक्षाको  विद्यार्थीहरुको उपस्थितिको रेकर्ड सधैँ राखिने गरिएको छ र छैन ?**

नराखेको भए कारण

१. विद्यालय खाजा व्यवस्थापन समिति सक्रिय छ वा छैन यदि छैन भने किन ?

२. खाजा व्यवस्थापन समितिले के के मा सहयोग गर्छन ?

क) ढुवानी कार्यमा सहयोग गर्दछन् ।

ख) खाजा पकाउनमा सहयोग गर्दछन् ।

ग) परि आएको काममा सहयोग गर्छन् ।

**३.३ खाजा व्यवस्थापन समितिको बैठक कति समयमा बस्छ र निर्णय माइन्यूट गर्ने गरिएको भए बैठक बसेको मिति समेत टिपोट गर्ने ।**

१. निर्णयको कार्यान्वयनको स्थिति :

२. खाजा तथा भाँडा वर्तनको भण्डारण कहाँ र कसरी गरिने गरिएको छ ? उल्लेख गर्नुपर्ने ।

३. प्राप्त भएका प्रचार प्रसारका सामग्रीहरु देखिने स्थानमा राखिएको छन् /छैन  ? उल्लेख गर्नुपर्ने ।

४. विद्यालयले प्राप्त गरिएका भाँडा वर्तन प्रयोजनामा ल्याएको छन् /छैन  भने किन ?

५. लेजरबुकमा खाद्यन्न तथा गैर खाद्यन्नहरुको रेकर्ड राखिएको छ /छैन  भने किन ?

६. रजिष्टरमा दैनिक मासिक खाद्यन्नहरुको अभिलेख राखिएको छ /छैन  भने किन ?

७. भान्छा खाजा तयारी र विवरण

८. भान्छा कोठाको व्यवस्था कस्तो छ ?

९. चुल्होको अवस्था कस्तो छ ?

१०. पानी, इन्धनको व्यवस्था कसरी गरिएको छ ?

११. खाजा बनाउने भान्छेको व्यवस्था छ /छैन  ? भान्छे भान्छा कोठा र भाँडाकुडाको सरसफाई छ /छैन  भने किन ?

१२. भान्छे तालिम प्राप्त छ /छैन  ?

१३. खाजा तोकिएको परिणाम अनुसार दिने गरेको छ /छैन  भने किन ?

१४. खाजा पकाउँदा तोकिएको स्केल अनुसार नापेर पकाउने गरिएको  छ /छैन  भने किन ?

१५. विद्यालय सञ्चालन भएको प्रत्येक दिन खाजा पकाउने गरेको छ ?

क) विद्यालय सञ्चालन हुने हरेक दिन ।

ख) कहिले काही ।

ग) छैन  भने किन ?

१. खाजा खानुभन्दा अगाडि हात  के ले धुने गरिएको छ ?

२. भाँडा केले सफा गर्नु हुन्छ ?

३. विद्यार्थीले खाजा केमा खाने गरेका छन् ?

४. शौचालयमा प्रयाप्त पानी छ /छैन ?

५. छात्राहरुको लागि खगल  शौचालयको व्यवस्था छ /छैन ?

६. खाजा भण्डारण खाजा तयारी र सरसफाईको अनुगमन कर्ताले दिएका सुझावहरु :

७. खाद्यान्नको स्थिति :

८. प्राप्त भएको खाद्यान्नहरु (चामल, दाल, तेल,नुन तथा सागसव्जी) को अवस्था ?

| क्र. स. | विवरण | अघिल्लो महिनाको मौज्दात | यस महिनाको प्राप्त | जम्मा प्राप्त | निरिक्षण गरेको दिन सम्मको | बाँकी मौज्दात | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | खर्च | | |
|---|---|---|---|---|---|---|---|
| १ | चामल | | | | | | |
| २ | दाल | | | | | | |
| ३ | तेल | | | | | | |
| ४ | नुन | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

९. गैर खाद्य सामग्रीहरुको स्थिति

| क्र. स. | विवरण | हालको मौज्दात | कैफियत |
|---|---|---|---|
| १ | वालटी | | |
| २ | डेक्ची | | |
| ३ | डाडु पन्यू | | |
| ४ | प्लेटस्थान | | |
| ५ | मेजरिङ कप २५० ग्राम | | |
| ६ | मेजरिङ कप २५० ग्राम | | |
| ७ | मेजरिङ कप २ के. जि | | |
| ८ | कराही | | |
| ९ | ऋन्य | | |

१०. दिवा खाजा कार्यक्रममा स्थानिय तहको भूमिका :

११. दिवा खाजा व्यवस्थित गर्न विद्यालय स्तरबाट गरिएको प्रयासहरु :

१२. विद्यालयमा सञ्चालित कार्यक्रम भए उल्लेख गर्ने ।

१३. विद्यालयले गुणात्मक शिक्षा दिने सन्दर्भमा भोगेका समस्या बुदागत रुपमा उल्लेख गर्ने । समाधानका लागि अपनाएका उपायहरु समेत उल्लेख गर्ने । समाधानका लागि अपनाएका उपायहरु समेत उल्लेख गर्ने ।

१४. समस्याहरु

१५. समाधानका लागि अपनाएका उपायहरु :

प्र अ र शिक्षकको नाम :
हस्ताक्षर :
मिति :
छाप :

अनुगमनकर्ताको नाम :
हस्ताक्षर :
पद :
मिति :